# आउँनेवाला कुराहरु

## फ्रियाकिलीनद्धारा टिप्पणी


| | |
|---|---|
| १. अन्तिमका समयहरुमा बाँच्नु | पाना २ |
| २. चुनिएको महान प्रस्थान | पाना ५ |
| ३. सतावट | पाना १० |
| ४. पृथ्वीमा सतावट तर स्वर्गमा रमाहट : | पाना १३ |
|     १. ख्रीष्टको न्यायको कुर्सि । | पाना १३ |
|     २. थुमाको विवहाको भोज | पाना १५ |
| ५. येशू ख्रीष्टको दोस्रो आगमन | पाना १५ |
|     १. स्वर्गमा भएका विश्वासीहरु उहाँसँग फर्किने छन् | पाना १५ |
|     २. दानवहरु र झुटा अगमवक्तहरु आगोको नदीमा फालिने छन् | पाना १५ |
|     ३. शैतान एक हजार वर्षका लागि कैदमा परिएको | पाना १६ |
|     ४. विश्वासीहरु उहाँसँग राज्य गर्ने छन् | पाना १७ |
|     ६. अन्तिम न्याय – परमेश्वरको सिंहासनमा | पाना १९ |
|     ७. नयाँ स्वर्ग र पृथ्वी | पाना २२ |

# आउँनेवाला कुराहरु

## फ्रियाकिलीनद्धारा टिप्पणी

इस्राएलका परमपवित्र र यसका सृष्टिकर्ता परमप्रभु भन्नुहुन्छ :**आउँनेकुराहरुको विषयमा**, के तिमीहरु मेरा छोराछोरीहरुका बारेमा **प्रश्न सोध्छौ**, अथवा मेरा हातमा कामका बारेमा तिमीहरु मलाई हुकुम दिन्छौ ? यशैया ४५ : ११

### १. अन्तिमका समयहरुमा बाँच्नु :

रोमी १३ : ११—१४ यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरुलाई **थहा** छ । अब निन्दबाट बियूँझन (सत्यतामा बिउँझ, आत्मीकि सत्यतामा) ठीक बेला आइपुगेको छ । किनकी हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति (यो वर्तमान दुष्ट युगबाट अन्तिम छुट्कारा) अझ नजीक छ । रात बितिसक्यो र **दिन** (परमेश्वरको दिन) नजीकै आइपुगेको छ । यसकारण अन्धकारका काम **छोडेर** हामी **ज्योतिका हातहतियार धारण गरौं** । दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं । मज्जामा, मतवालीपनमा, व्यभिचारमा, भ्रष्टचारमा, झगडामा र डाहमा होइन । तर प्रभु येशू ख्रीष्टलाई **धारण गर**, र **पाप—स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ** ।

हामीहरु आत्मिकि युद्धको समयमा बाँची रहेकाछौं र हामीहरु इस्साकारका पुत्र जस्तै हुनुपर्छ :

१ इतिहास १२ :२३ परमप्रभुले भन्नुभए झैं शाऊलको राज्य दाऊदको हातमा परिदिनलाई दाऊदकहाँ हैब्रोनमा लडाइँको निम्ति **हतियारले सुसज्जित** भई आउने मानिसहरुको सङ्ख्या यस्तो थियो । (३२) इस्साकारका मानिसहरु, जुनहरु **समयहरु**

**बुझेका थिए**, अनि इस्राएलले (परमेश्वरका मानिसहरु) के गर्नुपर्छ भनि **जानेका** थिए ।

- सिपाहीहरु, राम्रो तालीम पाएका, लक्ष्यमा केन्द्रीत, गुरुलाई राम्ररी चिन्थे, शत्रुका मार्गहरु चिन्थे, पूर्णरुपमा समर्पित, मृत्युको समयसम्म नै ।

२ तिमोथी ३ :१—५ तर यो **याद राख** कि अन्तिम दिनहरुमा **डरलाग्दो समय** हुनेछ । मानिसहरु आफैलाई प्रेम गर्ने, रुपियाँ पैसालाई प्रेम गर्ने, शेखी, घमण्ड गर्ने, दुव्र्यवहार गर्नै, आमाबुबाका आज्ञा नमान्ने, बैगुणी, अपवित्र, प्रेमविहीन, खुशी नहुने, अर्कालाई दोष लगाउने, झूटो बोल्ने, आत्मसंयम नभएका, निर्दयी, असल कुरा मन नपराउने, विश्वासघाती, आत्माभिमानी, परमेश्वरभन्दा सुख विलास रुचाउने, भक्तिको भेष लिने तर यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । **यस्ताहरुसित कुनै सम्बन्ध नराख्नू** ।

२ पत्रूस ३ :३—४ सबै भन्दा पहिले तिमीहरुले **बुझ्नु** पर्छ कि अन्त्यका समयतिर **खिसी** गर्नेहरु आउनेछन्, तिनीहरुले खिसी गर्नेछन् र आफ्नै दुष्ट विचारहरुलाई पछ्याउनेछन् । अनि तिनीहरुले भन्ने छन्, "**उनले प्रतिज्ञा गरे अनुसार आगमन खोइ त** ?हाम्रा पिता पुर्खाहरु मरेदेखि यता, सृष्टिको शुरुदेखि चलिआएका कुराहरु यथावत नै चलिरहेछन् ।"

मत्ती २४ :४—१४ येशूले जवाफ दिनुभयो : "होशियार बस र कसैले तिमीहरुलाई धोका नदेओस् । किनकी धेरै जाना मेरो नाउँमा "म ख्रीष्ट हूँ", भन्ने दाबी गर्दै आउँनेछन् अनि धेरैलाई धोका दिनेछन् । तिमीहरुले **लडाइँ र लडाइँका हल्लाहरु सुन्नेछौ, तर अन्त त अझ आउन बाकी नै छ** । जाति जातिको विरुद्धमा र **राज्य**

**राज्यको विरुद्धमा** उठ्नेछ । धेरै ठाउँहरुमा अनिकाल र भैँचारलोहरु हुनेछन् । यी सबै त अन्त्य आउँनभन्दा **अघिका** चिन्हहरु मात्र हुन् ।" तब तिमीहरु सताइनका लागि र **मारिनका** लागि र **मारिनका लागि सुम्पिइनेछौ**, अनि तिमीहरु मेरा खातिर सबै जातिहरुद्धारा **घृणित** हुनेछौ ।(यो नै इस्राएल र साथै हिन्दूका विश्वासीहरु र मुसल्मान देशहरुमा लामो समयसम्म सत्य हो र सत्य भएर आइरहेको छ) त्यसबेला **धेरै जना विश्वासबाट पतित हुनेछन्** अनि **आपसमा धोकाबाजी** र **घृणा गर्नेछन्** । अनि धेरै **झूटा अगमवक्ताहरु** देखापरेर धेरैलाई भ्रममा पार्नेछन् । दुष्टता बढेकोले, धेरैको **प्रेम सेलाउनेछ**, तर जो **अन्तसम्म स्थिर रहला** त्यो नै **बचाइनेछ** । अनि राज्यको सुसमाचार सारा जातिको लागि साक्षीको रुपमा विश्वाभरि **प्रचार गरिनेछ, तब अन्त आउनेछ** ।

मत्ती २४ :३३ **त्यसरी नै, जब तिमीहरुले यी सब कुराहरु देख्छौ, तिमीहरुले यो जान, ऊ नजीकै, अँ ढोकैमा हुनुहुन्छ ।**
मत्ती २४ :३४ म तिमीहरुलाई साँच्चै भन्दछु, यी कुराहरु नभई यो पुस्ता बितेर जानेछैन ।

माथिका पदहरुले अहिले हामीहरु जीई रहैका समयको व्यख्य गर्दछ ।
हामीहरुले यो महशुस गर्नुपर्छ र सधैँ स्मरण गर्नुपर्छ कि :

- हामी यस संसारका **होइनौँ**, जसै येशू पनि यस संसारको हुनुहुन्न थियो । (यूहन्ना १७ : १६)
- तर **हाम्रो नागरिकता स्वर्गमा छ** । अनि हामीले त्यहाँबाट आउने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको उत्कट प्रतीक्षा गर्दछौ (फिलिप्पी ३ : २०)
- हामीहरु यस संसारमा **बिराना** र **परदेशीहरु** हौँ । (हिब्रू ११ : १३)

- विदेशमा, हामीहरु ख्रीष्टका राजदूतहरु हौँ । २ कोरिन्थी ५ : २०
- हाम्रो मिसन भनेको नै येशू ख्रीष्ट जे कुराका लागि यस संसारमा आउँनु भएको थियो त्यो मिसनलाई पूरा गर्न हो:

    हराएकाहरुलाई खोज्न र बचाउँन – मत्ती २४ : १४ ;२८ : १८—२०

    नून र ज्योति बन्न – मत्ती ५ : १३

समयका चिन्हहरुद्वारा, यसले यो देखाउँछ कि हामीहरु "अन्तिम दिनका" ढोका अगाडि उभिरहेका छौं। यस समय अवधिलाई सतावट भनिन्छ । तरैपनि, सतावट आउँन अगि , केही राम्रा कुराहरु हुने छन् ।

## २. चुनिएको महान प्रस्थान

२ थेसलोनिकी २ : १,२ भाइ हो, **हाम्रा प्रभु येशू ख्रीष्टको आगमन** अनि हामी **उहाँसित भेला** हुने विषयमा तिमीहरुलाई भन्छौं, **प्रभुको दिन** त आइसकेको छ भन्ने अगमवाणी, सुसमाचार वा पत्र हामीबाट आएको अनुमान लगाई सजिलैसित व्याकुल र भयभीत नहोओ ।

उनीहरु यस्ता कठिन समयमा जीई रहेका थिए, थेस्लोनिकीहरुले सोचे कि "प्रभुको दिन" आएको छ र उनीहरुले "उहाँमा हाम्रो एकजुटको भटलाई" छुटाए ।

यसले यो बताउँद छ कि पावलको शिक्षा यो थियो कि विश्वासीहरु "उहाँलाई पक्रिराखेको" "प्रभुको दिन" अगि । र उनीहरुलाई यो बताउँन कि "प्रभुको दिन" अझैं आएको छैन पावल बताउँ छन् ।

पद ३—४ कसैले कुनै किसिमले तिमीहरुलाई ठग्न नपावोस्, किनकी (प्रभूको दिन) विदोह नभई अनि पापको मानिस अर्थात विनाशमा जाने मानिस. (टाढा झरिरहेको) प्रकट नभई त्यो दिन आउँनेछैन ।

१ तिमोथी ४ : १—२ पवित्र आत्मा स्पष्ट गरी भन्नुहुन्छ, की आखिरी दिनहरुमा **कतिले विश्वासलाई त्याग्नेछन्** अनि धोका दिने आत्माहरु र भूतप्रेतहरुका शिक्षाको पछि लाग्नेछन् । (१ यूहन्ना २ : १७—१९; २ पत्रूस २ : २०—२२)

त्यसले विरोध गर्नेछ र अनि परमेश्वर कहलिएको अथवा पूजनीय हरेक वस्तूभन्दा आफैलाई उच्च पार्नेछ, र आफैलाई परमेश्वर भनी घोषणा गर्दै त्यो आफै परमेश्वरको मन्दिरमा बस्नेछ ।

यो भई सकेको थिएन र यो स्पष्ट छ कि यो हुन अगि , साँचो विश्वासीहरु *"उहाँसँग जम्मा हुनेछन्* ।"

प्रभु येशू ख्रीष्टको मण्डली – सबै विश्वासीहरु – *"प्रभुको दिन"* अगि संसारबाट बाहिर लगिने छन् जब ठूलो सतावट पृथ्वीमा आउँने छ ।

प्रभूको दिन :यशैया १३ : ६ इजकिएल ३० : ३ योएल १ : १५ २ : १, ११,३१, ३ : १४ आमोस ५ : १८—२० सपन्याह १ : १४—१८ मलाकी ४ : ५ प्रेरित २ : २० १ थेसलोनिकी ५ : २ २ पत्रूस ३ : १०

मत्ती २४ : ३७ जसरी **नूहको** दिनमा भएको थियो, त्यसरी नै म, **मानव पुत्रको आगमनमा पनि हुनेछ** । किनकी जलप्रलय अगि का दिनहरुमा **नूह जहाजभित्र** (न्याय अगि ) **पसेको** दिनसम्म मानिसहरु खाँदैथिए, पिउँदैथिए, विवाह गर्दै र विवाह गराउदै थिए । अनि **जलप्रलय आएर** तिनीहरु सबैलाई नलगुञ्जैल

तिनीहरुलाई के हुनेछ भनी थाहै थिएन । म, **मानव पुत्रको आगमन पनि त्यस्तै हुनेछ** । दुई मानिसहरु खैतमा हुनेछन्, एक जना लगिनेछ अनि अर्को छोडिनेछ । दुई जना स्त्रीहरु जाँतो पिधिँरहेका हुनेछन्, एक जना लगिनेछ अनि अर्को छोडिनेछ ।

नूहका दिनमा जस्तै हामीहरु पनि हाम्रो जहाज तयार पर्नुपर्छ :
**विश्वासैद्वारा** नूहले नदेखेका कुराहरुको विषयमा **चेतावनी** पाउँदा आफ्नो **परिवारलाई बचाउनको** लागि पवित्र डरमा एउटा जहाज **बनाए** । हिब्रू ११ : ७

नूह र उनको परिवार जहाज भित्र पस्यो, प्रभुले ढोका बन्द गरिदिनु भयो, र उनी मात्र प्रभुद्वारा बचाइएका थिए र भागेका वा न्यायबाट, सतावटबाट बचाइएका थिए ।

उनीहरुले देखे, सामना गरे, र न्यायलाई अनुभव गरे, तर सुरक्षीत ठाउँबाट जहाँबाट उनीहरु "अन्त्यसम्म ***लगिएको*** थियो र ***बचाइएको*** थियो" ।

लूकाले पनि नूहाका बारेमा सोच्दै लेखेका छन् र त्यस पछि तलका कुराहरु थपेका छन् :
लूका १७ : २८—३१ लूतका दिनमा पनि त्यस्तै थियो । मानिसहरु खाँदैथिए, पिउँदैथिए, किनबेच गर्दैथिए, रोप्दैथिए र बनाउँदैथिए । **तर लूतले सदोम छोडेकै दिनमा आकाशबाट आगो र गन्धक बस्र्यो र तिनीहरु सबैलाई नष्ट पारयो । म, मानव पुत्र प्रकट हुने दिनमा ठीक यस्तै हुनेछ ।**

याद राख—प्रभुले भन्नु भएको थियो कि उहाँले सदोमलाई नष्ट गर्नुहुन्न यदि धर्मि मानिसहरु त्यहाँ थिए भने ( उत्पती १८ :२६—३३) । त्यसैले अन्तिम सर्वनाशका लागि धर्मिहरु चाहि निकालिने छ ।

उत्पती १९ : २९ यसरी परमेश्वरले बेँसीका शहरहरु नाश गर्नुभएपछि, उहाँले अब्राहामलाई सम्झनुभयो, अनि उहाँले लूत बसेको शहरहरु नाश भएको ठाउँबाट **लूतलाई** (यो हुन अगि ) विनाशबाट **बाहिर निकाल्नुभयो** ।

परमप्रभुले उहाँका चुनिएकाहरुलाई अलौकिक तरीकाबाट लाल समुद खोल्नु भएर मिश्रबाट बाहिर ल्याउँनु भयौ मिश्रमा न्याय र सतावट आउँन अगि ।

तसर्थ तलका निम्न पदहरले भनेका कुराहरु हामी बुझ्छौँ कि सबै सच्चा विश्वासीहरु **"बाहिर निकालिने"** छन् ,जसलाई सम्बोदन गरिएको कोहीद्धारा जसै महान सतावट आउँन भन्दा **अगि** "समातिन्छ", ( "राप्चर" शव्द बाइबलमा पाइन्दैन । यो लटिन शव्द हो जसको अनुवाद "समातिनु" हो )

१ थेसलोनिकी ४ :१३—१८ **हामी विश्वास गर्छौं** कि येशू मरीकन फेरि जीवित हुनुभयो, अनि यसरी येशूमा सुतिसकेकाहरुलाई ( विश्वासीहरु जो मरिसकेका छन् र् आत्मामा मात्र परमप्रभुसँग छन्) पनि **परमेश्वरले उहाँसित ल्याउँनुहुनेछ** । परमेश्वरको आफ्नै वचन अनुसार, हामी तिमीहरुलाई भन्छौँ कि हामी जो अझ जीवित छौँ, अनि प्रभुको आगमनसम्म रहिरहयौँ भने, हामीले ती सुतिगएकाहरुलाई (मरिसके) कसै गरी पनि उछिन्नेछौँ । किनकी प्रभुको आफ्नै हुकुमको चर्को सोरमा, प्रधान दूतको आवाजसित र परमेश्वरको तुरहीको बोलावटसित ओर्लिआउनुहुनेछ, अनि ख्रीष्टमा मरेकाहरु पहिले जीवित हुनेछन् (उनीहरुका शरीरको पुनरुथान उनीहरुका आत्मासँग मिल्नका लागि )। त्यसपछि, हामी जो जीवित र छोडिएका

छौं प्रभुलाई आकाशमा भेट्न तिनीहरुसित एकसाथ बादलमा उठाइनेछौं । अनि यसरी हामी प्रभसित सदासर्वदा रहनेछौं । यसकारण यी वचनहरुले एकले अर्कालाई उत्साह देओ ।

यस खण्ड जारी रहन्छ : अध्याय ५ : १—११

अब, भाइहरु हो, **समय र दिनको विषयमा** हामीले तिमीहरुलाई लेख्ने खाँचो छैन, किनकी **प्रभुको दिन** (अन्तिम महान न्याय) त रातमा चोर आएझैं आउनेछ भनी **तिमीहरु** जान्दछौ । मानिसहरुले "शान्ति र सुरक्षा", भनिरहेको बेला गर्भवती स्त्रीलाई बेथा लागेझैं, अचानक तिनीहरुमाथि **विनाश** आइपर्नेछ र **तिनीहरु उम्कनेछैनन्** । तर **हे भाइ** हो, यस दिनले तिमीहरुलाई चोरले झैं छक्काओस् भनी **अज्ञानमा तिमीहरु छैनौ** । **तिमीहरु त ज्योतिका सन्तान** र दिनका सन्तान हौ । यसकारण, **हामीहरु सुत्नेहरु जस्ता होइन,** तर चनाखो र आत्मसंयमी बनौं । किनकी सुत्नेहरु त राती सुत्छन्, अनि मद्य पिउनेहरु पनि राती नै पिउँछन् । तर हामी त दिनका भएकाले, हामी आत्मसंयमी भई, विश्वास र प्रेमका छाती पाता, अनि मुक्तिको आशालाई टोप लगाऔं । किनकी **परमेश्वरले हामीलाई उहाँको क्रोध सहनलाई होइन,** (क्रोध नै अन्तिम न्याय हो त । विश्वासीहरु त्यसको लागि वरिपरी हुनेछैनन् ।) **तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा मुक्ति प्राप्त गर्नलाई** नियुक्त गर्नुभयो । चाहे हामी शरीरमा जागौं वा सुतौं, **हामी उहाँसितै जिउन सकौं** भनेर उहाँ हाम्रो निम्ति मर्नुभयो । यसकारण **एउटाले अर्कोलाई ढाडस देओ** अनि एकले अर्कालाई निर्माण गर्दै जाओ, जुनचाहीं तिमीहरुले गरिरहेका पनि छौ ।

१ कोरिन्थी १५ : ५०—५५ साथै अलौकिक घटना बारे बताउँदछ :

हे भाई हो, म यो घोषणा गर्दछु कि शरीर र रगत स्वर्गको राज्यको हकदार हुनसक्दैन, नता विनाशी अविनाशीको हकदार हुनसक्छ । सुन, म तिमीहरुलाई एउटा रहस्य बताउँछु **हामी** मरिजादैनौ (सबै मर्दैनन्), तर **हाम्रो परिवर्तन हुनेछ – एकै क्षणमा ,आँखाको एक निमेषमा, तुरहीको** आखिरी आवाजमा । किनकी तुरही बज्नेछ, र मरेकाहरु (विश्वासीहरुका मरिसकेको शरीर । उनीहरुका आत्मा परमप्रभुसँग हुन्छ । २ कोरिन्थी ५ : ८) अविनाशी रुपमा पुनर्जीवित हुनैछन्, अनि **हाम्रोचाहिँ** (जो पृथ्वीका जीवित छन्) परिवर्तन **हुनेछ** । किनकी विनाशीले (शरीर) अविनाशी रुप (पुनरुथानको शरीर) अनि मरणशीलले अमरत्व धारण गरेको हुनेछ, तब यसो भनिएको कुरा पूरा हुनेछ : "मृत्यु विजयमा निलिएको छ ।"

- यी निम्न पदहरुले शरीरको पुनरुथान बारे व्याख्य गर्न सहयोग पुराउँदछ :

१ कोरिन्थी १५ : ४२–४५ मरेकाहरुको पुनरुत्थान पनि यस्तै हुनेछ । जुन **शरीर** विनाशमा छरिन्छ, त्यो अविनारीहरुमा जीवित तुल्याइनेछ, त्यो अनादरमा छरिन्छ, तर आदरमा जीवित तुल्याइनेछ, त्यो दुर्बलतामा छरिन्छ तर सामर्थमा जीवित तुल्याइनेछ , त्यो **प्रकृतिक शरीरमा** छरिनेछ, तर **आत्मिक शरीरमा** जीवित तुल्याइने छ । प्राकृतिक शरीर हुन्छ भने, आत्मिक शरीर पनि हुन्छ ।

तुरहीको आवाजमा –हामीहरु *" परमप्रभुलाई आकाशमा भेट्नका लागि लगिनेछौँ" " केही क्षणमा नै, आँखाको झिम्काइमा ।" " र त्यसैले हामीहरु सधैँ परमप्रभुसँग हुनेछौँ ।"*

## ३. सतावट

मत्ती २४ : १५–२८ "यसरी जब तिमीहरुले दानिएल अगमवक्ताद्धारा भनिएको **"उजाड गर्ने घृणित कुरा"** पवित्र स्थानमा खडा भएको देख्छौ–पढ्नेले बुझोस् । तब यहूदियामा हुनेहरु पहाडतिर भागून् । कौसीमा हुनेहरु कोही पनि घरबाट केही थोक

लिनलाई तल नझरौस् । खेतमा हुने कोही पनि आफ्नो खाष्टो लिन फर्केर नआओस् । ती  दिनहरु गर्भवती स्त्रीहरु र दूध खुवाउने आमाहरुका लागि कति डरलाग्दो हुनेछन् । तिमीहरुको भागाभाग हुउँदा अथवा विश्राम दिनमा नहोस् भनी प्रार्थना गर । किनकी **त्यस बेला संसारको उत्पत्तिदेखि अहिलेसम्म नभएको र फेरि कहिल्य नहुने महासङ्कष्ट हुनेछ** । यदि ती दिनहरु नघटाइएका भए कोही पनि बाँच्ने थिएन, तर चुनिएकाहरुको (ती जो सतावटका समयमा विश्वासमा आए ) खातिर ती दिनहरु घटाइनेछन् । त्यस बेला कसैले तिमीहरुलाई "हेर, ख्रीष्ट यहाँ हुनुहून्छ ! " अथवा, "त्यहाँ हुनुहुन्छ !" भन्यो भने, त्यो विश्वास नगर । किनकी झूटा ख्रीष्टहरु र झूटा अगमवक्ताहरु देखा परेर **ठूला चिन्हहरु र आश्चर्य कामहरु** गर्नेछन् र चुनिएकाहरुलाई पनि हुनसक्ला भर्माउनेछन् । हेर, मैले तिमीहरुलाई अघिबाटै भनिदिएको छु । "यसकारण यदि कसैले तिमीहरुलाई "हेर, उहाँ बाहिर मरुभूमिमा हुनुहुन्छ" भन्यो भने निस्केर नजाओ, अथवा, "उहाँ यहाँ भित्री कोठाहरुका हुनुहुन्छ" भन्यो भने त्यो विश्वास नगर । किनकी जसरी पूर्वतिर **चम्केको विजुली** पश्चिममा पनि देखापर्छ, त्यसरी नै **म, मानब पुत्रको आगमन पनि हुनेछ** । जहाँ सिनो हुन्छ, त्यहाँ गिद्धहरु भेला हुन्छन् ।

आर्को शव्दहरुमा – उहाँको आगमनलाई कसैले पनि छुटाउँने छैनन् ।

प्रकाश १३ : २ मैले देखेको **पशु** चितुवा जस्तो थियो . . .**परमेश्वरको विरुद्धमा निन्दा गर्न**, उहाँको नाउँ र उहाँको वासस्थान अनि स्वर्गमा बस्नेहरुसमेत सबैको निन्दा गर्नलाई  त्यसले आफ्नो मुख खोल्यो । त्यसलाई सबै **सन्तहरुसित लडाइँ गर्न अनि तिनीहरुलाई जित्न शक्ति दिइयो** । **त्यसलाई प्रत्येक कुल, जाति, भाषा र राष्ट्रमाथि अख्तियार दिइयो** । अनि **पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्,** जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएको थुमाको जीवनको पुस्तकमा लेखिएको छैन । जसको कान छ, त्यसले सुनोस् । यदि कसैलाई कैदमा

जानुछ भने, त्यो कैदमा जानेछ । यदि कसैलाई तरवारले मारिनुछ भने, त्यो तरवारले नै मारिनेछ । सन्तहरुले धैर्यशाली सहनशील र विश्वासयोग्यता यसमा छ । तब मैले पृथ्वीबाट माथि निम्किरहेको **अर्को पशु** देखे । त्यसका भेडाका जस्ता दुई सिङहरु थिए, तर त्यो अजिङ्गरझैं बोल्थयो । त्यसले **पहिलो पशुको पक्षमा त्यसको सारा अधिकार चलायो**, अनि पृथ्वी र त्यसको सारा अधिकार चलायो, अनि पृथ्वी र त्यसका बासिन्दाहरुलाई **त्यसले त्यो प्राणघातक चोट निकोभएको पशुको पूजा गर्न लगायो** । अनि त्यसले अचम्मका चिन्हहरु गयो, मानिसहरुले देख्ने गरी आकाशबाट पृथ्वीमा आगोसमेत झार्न लगायो । त्यस पहिलो पशुको पक्षमा प्रयोग गर्ने अधिकार पाएका चिन्हहरुद्वारा त्यसले पृथ्वीका बासिन्दाहरुलाई **बहकायो** । त्यसले तिनीहरुलाई तरवारको चोट पाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा **मूर्ति बनाउने** हुकुम दियो । त्यस पहिलो **पशुको मूर्तिले बोलोस्** भनेर त्यसमा सास हाल्ने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि **त्यस मूर्तिलाई दण्डवत् नगर्ने सबै मारिऊन्** । त्यसले साना र ठूला, धनी र गरीब, स्वतन्त्र र कमारा, प्रत्येकलाई आफ्नो **दाहिने हातमा अथवा निधारमा त्यसको छाप लाउन कर लगायो । त्यो छाप नभईकन कसैले पनि किन्न वा बेच्न नपाउने भयो जुनचाहिँ त्यस पशुको नाउँ अथवा त्यसको नाउँको सङ्ख्या हो** । बुद्धि यसैमा छ, कि जसको समझ छ, त्यसले त्यस पशुको सङ्ख्या हो । अनि त्यसको सङ्ख्या **छ सय छयसट्ठी हो** ।

प्रकाश १४ : ९—१३ **अनि ती दुईका पछि एक जना तेस्रो स्वर्गदूत आएर चर्को सोरले भने : "यदि कसैले त्यस पशु र त्यसको मूर्तिलाई पुज्छ र त्यसको छाप निधारमा वा हातमा लाउँछ भने, त्यसले पनि उहाँको क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरको क्रोधको कडा मद्य पिउनेछ । त्यसलाई पवित्र स्वर्गदूतहरु र थुमाको उपस्थितिमा जल्दै गरेको गन्दकमा यातना दिइनेछ ।** अनि

तिनीहरुको यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ । जसले त्यो पशु र त्यसको मुर्तिको पुजा गर्छ, र जसले त्यसको छाप लगाउँछन् तिनीहरुले दिनरात आराम पाउँनेछैनन् । "परमेश्वरका आज्ञाहरु पालन गर्ने अनि येशूप्रति विश्वासी भइरहने सन्तहरुको धीरज र सहनशीलता यसैमा छ ।

## ४. पृथ्वीमा सतावट तर स्वर्गमा रमाहट :

१. ख्रीष्टको न्यायको कुर्सि ।

रोमी १४ : १० किनकी हामीहरु सबै **परमेश्वरको न्यायअगि** उभिनेछौँ । यसकारण, हामी प्रत्येकले आफ्नो जीवनको **लेखा प्रभुलाई दिनुपर्नेछ** ।

**ख्रीष्टको** न्यायको कुर्सि भनेको स्वर्गमा जान लागेको भन्ने जारी गरेको होइन । पापको न्याय क्रूसमा पहिले नै गरिसकेको छ (रोमी ८ : १—३) । साँचो विश्वासीहरु मात्र प्रभुको पछि खडा छन् । हाम्रा कामका लागि उहाँका दास झैँ यो एक पुरस्कृत भएको कुरो हो ।

२ कोरिन्थी ५ : १० किनकी **हामीले** यस शरीरमा हुँदा, असल कि खराब जे गरेका छौं, त्यसको फल पाउनलाई हामी सबै **ख्रीष्टको न्यायआसनको** अगि उपस्थित हुनुपर्नेछ ।

१ कोरिन्थी ३ : १३—१५ त्यसको काम कस्तो रहेछ भनी देखाइनेछ, किनकी त्यस दिनले त्यसलाई बताउनेछ, त्यसलाई आगोले प्रकाशमा ल्याउनेछ । अनि **आगोले हरेक मानिसको कामको गुण जाँच्ने छ** । यदि त्यसले बनाएको कुरो **रहयो भने, त्यसले इनाम पाउनेछ** । यदि त्यो जलेर नष्ट भयो भने, उसले नोक्सानी उठाउनुपर्छ, तर **आफैचाहिँ ज्वालाबाट बाँचेझैँ बाँच्नेछ** ।

पुरस्कारहरु यी कारणका लागि दिइनेछन् :

१. उहाँका राज्यका लागि हामीले गरेको विऊ छर्ने र मलजल गर्ने परिश्रमका लागि (१ कोरिन्थी ३ : ८)

२. सतावट र वेइज्जतलाई येशूका लागि सहने (मत्ती ५ : ११,१२)

३. धार्मिक तरीकमा ज्यूने र देखावटीका लागि होइन (मत्ती ६ :१)

४. गरीबहरुलाई दिने र देखावटीका लागि होइन (मत्ती ६ : ३,४)

५. गुप्तमा प्रार्थना गर्ने (मत्ती ६ : ६)

६. गुप्तमा उपवास बस्ने (मत्ती ६ : १८)

७. उहाँका सेवाकहरुलाई स्वीकार गर्ने (मत्ती १० : ४१)

८. जेसुकै पनि दिने एकदमै साधारण एक गिलास पानी समेत (मत्ती १० : ४२)

९. हाम्रा शत्रूहरुलाई प्रेम गर्ने, भलाइ गर्ने, निर्देशन गर्ने (लूका ६ : ३५)

१०. सुसमाचार प्रचार गर्ने (१ कोरिन्थी ९ : १६—१८)

११. जेसूकै हामीले गर्छौ, प्रभुका लागि भित्री हृदयबाट गर (कलस्सी ३ : २३,२४)

१२. ख्रीष्टको निन्दालाई गन्ने जुन ठूलो मूल्यको हो (हिब्रू ११ : २६)

२ यूहन्ना ८ होशियार बस, जुन कुराका निम्ति **तिमीहरुले काम गरेका छौ, त्यो गुमाउने होइन**, तर **तिमीहरुले पूरा इनाम पाउन सक ।**

प्रकाश २२ : १२ हेर, **म चाँडै आउँदैछु** ! **मेरो इनाम मसित छ**, र म प्रत्येकलाई उसले गरेको काम अनुसार दिनेछु ।

हामीहरुले पनि मुकुट पाउँनेछौं :

१. परिक्षहरुमा स्थीर रहेर र उहाँलाई प्रेम गरि रहने (याकूब १ : १२)

२. सबै कुरामा आत्मसंयमलाई अभ्यास गर (१ कोरिन्थी ९ : २५)

३. ती जसले विजय भएका छन् र चेला भएका छन् (१ थेसलोनिकी २ : १९)

४.धन्यवादी भएकोमा, मेरो दौड सक्काएकोमा, उहाँलाई प्रेम गरेकोमा (२ तिमोथी ४ : ७, ८)

२. थुमाको विवाह भोज

प्रकाश १९ : ७—१० हामी आनन्द मनाऔँ र खुशी होऔँ अनि उहाँलाई महिमा दिऔँ ! किनकी **थुमाको विवाहको** बेला आइपुगेको छ, अनि उहाँकी दुलहीले आफैलाई तयार पारेकी छिन् । तिनलाई चहकिलो र स्वच्छ सुती कपडा पहिरनलाई दिइएको थियो । अनि ती स्वर्गदूतले मलाई भने, “यो लेख, **थुमाको विवाहको भोजको** निम्तो पाउनेहरु धन्यका हुन् !” अनि तिनले अझ थपेर भने, “यी परमेश्वरका सत्य वचनहरु हुन् ।” अनि म तिनको पाउमा दण्डवत् गर्नलाई घोप्टे । तर तिनले मलाई भने, “यसो नगर ! म येशूको साक्षी कायम राख्ने तिमी अनि तिम्रा भाइहरुझैँ एक जना सहकर्मी हुँ । परमेश्वरलाई पुज ! किनकी अगमवाणीको आत्मा नै येशूको साक्षी हो ।”

## ५. येशू ख्रीष्टको दोस्रो आगमन

मत्ती २४ : २९—३१ “ती दिनहरुमा सङ्कष्टपछि तुरुन्तै **“सूर्य अँध्यारो हुनेछ,** अनि **चन्दरमाले आफ्नो ज्योति दिनेछैन ;आकाशबाट ताराहरु खस्नेछन्,** अनि आकाशका वस्तुहरु हल्लाइनेछन् ।” “त्यसबेला म, **मानव पुत्रको चिन्ह** आकाशमा देखापर्नेछ, अनि पृथ्वीका सबै जातिहरुले विलाप गर्नेछन् । तिनीहरुले म, **मानव पुत्रलाई** शक्ति र ठूलो महिमासाथ आकाशका बादलहरुमा **आउँदै गरेको देख्छन्** । अनि म आफ्ना दूतहरुलाई तुरहीको चर्को सोरसित पठाउनेछु, अनि तिनीहरुले आकाशको एक कुनादेखि अर्को कुनासम्म चारै दिशाबाट **मेरा चुनिएकाहरुलाई बटुल्नेछन् ।**

यहाँ चुनिएकाहरु ती हुन् जो इस्राएल र गलातीका हुन् जो सतावटका बेला विश्वासमा आएका थिए ।

प्रकाश १९ : ११—२१ मैले स्वर्ग उघरेको देखे अनि मेरो सामु एउटा सेतो घोडा थियो, **जसको** सवारलाई **विश्वासयोग्य र सत्य** भनिन्छ । उहाँले न्यायसित इन्साफ र लडाइँ गर्नुहुन्छ । उहाँका आँखाहरु बल्दै गरेको आगोजस्ता छन्, अनि उहाँका शिरमा धेरै मुकुटहरु छन् । उहाँमा एउटा नाउँ लेखिएको छ जो उहाँबाहेक अरु कसैले जान्दैन । उहाँले रगतमा चोपिएको एउटा पोशाक पहिरिनुभएको छ, अनि उहाँको नाउँ **परमेश्वरको वचन** हो ।

सबै विश्वासीहरु, उहाँका मण्डली, उहाँका दुलही,

उहाँसँग फर्किनु पर्नेछ ।

स्वर्गका सेनाहरू सेता र स्वनच्छत मलमलका वस्त्रह पहिरिई सेता घोडाहरूमा चड़ेर उहाँको पछिपछि लागे। जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट **धारिलो तरवार निस्कान्छ**, र उहाँले **फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ।** सर्वशक्तिमान् परमेश्वपरका क्रोधको दाख (कुण्डर उहाँले कुल्चहनुहुन्छस। उहाँका पोशाक र तिघ्रामा **"राजाहरूका राजा र प्रभुहरूका प्रभु"** अङ्कित छ।

अनि घोडामा सवार हुने र उहाँका सेनाहरूका विरुद्धमा गर्न त्यो **पशु** र **पृथ्वीकका राजाहरू** र तिनका सेनाहरू भेला भएका मैले देखें।

दानव र झुटा अगमवक्ताहरुको सर्वनाश

तब त्यो **पशु** र त्यसको उपस्थिततिमा अचम्मा काम गर्ने **झूटो अगमवक्ता** दुवै **पक्राउ परे**। यी अचम्महका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको

गन्धकको **अग्निह कुण्डकमा जिउँदै फालिए। बाँकी रहेकाहरूचाहिँ** घोडामाथि सवार हुनुहुनेको मुखबाट निस्केनको तरवारद्वारा **मारिए**, र सबै पक्षीहरूले तिनका मासु अघाउञ्जेकल खाए।

शैतान एक हजार वर्षका लागि बाधिएको छ

(२०:१) त्यसपछि **अतल कुण्डाको साँचो** र एउटा **ठूलो साङ्लो** हातमा लिएका एउटा **स्वर्गदूत** स्वर्गबाट ओर्लन आएका मैले देखें। तिनले त्यो अजिङ्गर, त्यस प्राचीन सर्प, जो **दियाबलस** वा **शैतान** हो, त्यो कसलाई पक्रे, अनि **एक हजार वर्षका निम्ति बाँधेर राखे।** तिनले **त्यसलाई अतल कुण्डमा फालिदिए**, र त्यो त कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि **एक हजार वर्ष अन्तय नभएसम्म** जाति जातिहरूलाई त्यसले बहकाउन नपाओस्। त्यससपछि केही समयको निम्त् त्यसलाई फुक्का गरिनुपर्छ।

तब मैले **सिंहासनहरू** र त्यसमाथि बस्नेहरूलाई देखें, (प्रकाश ३ :२१) जसलाई **इन्साफ गर्ने अधिकार दिइएको थियो।** तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्त **शिर काटिएकाहरू**, र **त्यो पशु र त्येसका मूर्तिको पूजा नगर्नेहरू** र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, (उनीहरुका पुनरुथानका शरीरहरु उचालीए) र तिनीहरूले **ख्रीष्ट्सँग एक हजार वर्षसम्म राज्य गरे।** अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेमल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। **पहिलो पुनरुत्थाकनमा** सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई **दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन**, तर **तिनीहरू** परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।

सबै विश्वासीहरु उहाँसँग राज्य गर्नेछन् :

प्रकाश ५ : ९,१० तपाई यो चर्मपत्र लिने र त्यसका छापहरु खोल्ने योग्यको हुनुहुन्छ, किनकि तपाई मारिनुभएको थियो, अनि तपाईको रगतद्धारा तपाईले मानिसहरुलाई परमेश्वरको निम्ति किन्नुभयो प्रत्येक **कुल** र **भाषाबाट** अनि **जातिहरुलाई** र **राष्ट्रहरुलाई** छुटकारा दिनुभयो । तपाईले तिनीहरुलाई एक **राज्य** र **पूजहारीहरु** बनाउनुभयो कि तिनीहरुले हाम्रा परमेश्वरको सेवा गरुन्, अनि **तिनीहरुले संसारमा राज्य गर्नेछन्** ।

हजार वर्षहरुका लागि मात्र होइन तर सदाका लागि हो :

प्रकाश २२ : ५ अब उप्रान्त रात हुनेछैन । तिनीहरुलाई बत्तीको उज्यालो र सूर्यको उज्यालोको आवश्यकता पर्नेछैन, किनकि प्रभु परमेश्वरले नै तिनीहरुलाई उज्यालो दिनुहुनेछ । **अनि तिनीहरुले सदासर्वदा राज्य गर्नेछन् ।**

हाम्रो पृथ्वीमा भएको समयको सारा उद्देश्य भनेको नै हामीहरुलाई परमप्रभुसँग राज्य गर्नका लागि त्यस पदका लागि तयार गर्न हो ।

मेरा भाइहरु हो तिमीहरुले धेरै किसिमका आपत् विपत्हहरुको सामना गर्दा त्यसलाई अति आनन्द सम्झ किनकि तिमीहरुको विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ भनी तिमीहरु जान्दछौ ।

याकूब १ : २

येशूले भन्नुभएको तलको दृष्टान्तलाई हेर :

लूका १९ : १२—१४ असल खानदानका एक जना मानिस (येशू ख्रीष्ट) राजा नियुक्त भई फर्किआउन (येशू स्वर्गमा जानु भईसक्यौ) एउटा टाढाको मुलुकमा गए । तिनीहरुले आफ्ना दश जना (सबै जाना होइन) नोकरहरुलाई (तपाई र म) बोलाएर तिनीहरुलाई सुनका दश सिक्काहरु (बरदान र कलाहरु) दिएर भने, “म फर्केर नआएसम्म यो पैसा काममा लगाओ ।” तर तिनी राजा बने र घर फर्के । त्यसपछि

तिनले दिएका पैसाबाट नोकरहरुले के कति फाइदा गरे भनी पत्ता लगाउनका लागि, तिनले आफ्ना नोकरहरुलाई आफूकहाँ बोलाए (महानन्द)। "तब पहिलो आएर यसो भन्यो, 'मालिक, तपाईंको सिक्काले अझै दश सिक्काक कमाएको छ।' "तिनले त्यसलाई भने, **'स्याबास असल नोकर, तँ अति थोरैमा विश्वा सी भइस्, तैंले दश सहरहरूमाथि अधिकार पाउनेछस्।'** "दोस्रो आएर यसो भन्यो, 'मालिक, तपाईंको सिक्काले अरू पाँच सिक्कास कमाएको छ।' "तिनले त्यसलाई भने, **'तैंले पनि पाँच सहरमाथि अधिकार पाउनेछस्।'**

एक हजार वर्षको राज्यलाई **परमेश्वरको दिन** भनिन्छ ।

२ पत्रूस ३ : ८ मेरा प्रिय मित्र हो, यो एउटा कुरा नभुल :**परमेश्वरको निम्ति एक दिन हजार वर्षझैँ छ**, र हजार वर्ष एक दिनझैँ ।

## ६. अन्तिम न्याय —परमेश्वरको सिंहासनमा

२ पत्रूस २ : ५ उहाँले प्राचीन संसारलाई बाँकी राख्नुँभएन, तर भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक **नोआ** र अरू सात जनालाई **सुरक्षित राख्नुकभयो।**

(७—८) उहाँले दुष्टाहरूका कामुकताबाट अति दुस्खित भएका **धार्मिक लोतलाई बचाउनुभयो।** ती मानिसहरूका माझमा बस्दा र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मा्मा व्याकुल हुन्थे।

(९—१०) यसरी **भक्तलाई परीक्षाबाट बचाउन** र **भक्तिहीनहरूलाई न्यायको दिनसम्मा** दण्डमा जकड़िराख्न प्रभु जान्नुहुन्छ्, विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छिन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्, र स्वूर्गीय प्राणीहरूको निन्दान गर्न डर मान्दैनन्।

२ पत्रूस ३ :७ तर त्याही वचनले भक्तिहीन मानिसको इन्साफ र **विनाशका दिनसम्मतको** लागि अहिलेको आकाश र पृथ्वी **आगोको** निम्तिा साँचिराखिएका छन्। तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं हुन्छ। आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्नेर कसै कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्नेछ इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। तर **प्रभुको दिन** त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा **आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ,** तत्त्वहरू **आगोको रापले** पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक **भस्म हुनेछन्।**

यी सबै कुराहरू यसरी पग्लन्छ न् भन्नेए जानेर पवित्रता र भक्तिको जीवनमा **तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ ?**

तिमीहरू **परमेश्वतरको दिन** प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लदनेछन्। तर उहाँको प्रतिज्ञाबमोजिम **हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेछौं, जसमा धार्मिकताले वास गर्छ।**

यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिीमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिनमा बस्नेहरू हुन प्रयत्न गर।

प्रकाश २० : ११—२१ :६ तब मैले एउटा **ठूलो सेतो सिंहासन** र त्यासमाथि **विराजमान** हुनुहुनेलाई देखें। उहाँको सामुन्ने बाट पृथ्वीर र आकाश भागेर गए, र तिनीहरूका निम्त्ि कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै **मृतक**हरूलाई **सिंहासनको सामुन्ने उभिरहेका** देखें, र **पुस्तकहरू खोलिए।** अर्को एउटा पुस्तेक पनि खोलियो, जो **जीवनको पुस्तक** हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक,

**तिनीहरूका कामअनुसार** मृतकहरूको इन्साफ भयो। समुद्रले त्यकसमा भएका मृतकहरू दिइहाल्यो, अनि **मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले।** तिनीहरू प्रत्योकको आफ्नो आफ्नो कामअनुसार इन्सारफ भयो। मृत्यु र पाताल अग्नि कुण्डसमा फालिए। यो अग्निर कुण्डे दोस्रो मृत्यु हो। जसको नाउँ जीवनको पुस्तृकमा लेखिएको भेट्टाइएन त्यो अग्नि कुण्डिमा फालियो।

मत्तीले माथिका कुरालाई यस तरीकामा व्याख्य गरेका छन् :

मत्ती २५ :३१—४२ "जब **मानिसको पुत्र सारा** स्वगरदूतहरूसँग **आफ्नो महिमामा** आउनेछ, तब ऊ **आफ्नो महिमामय सिंहासनमा बस्नेछ।** र **उसको सामुन्ने सबै जातिहरू** भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ , त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। उसले **भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि,** र **बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ।** "तब **राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई** भन्नेछ, '**आओ, मेरा पिताका धन्य का हो संसारको उत्प्त्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर।** किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। लखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।' "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यापलखानमा देख्यौं, र तपाईंकहाँ आयौं' "तब **राजाले तिनीहरूलाई जवाफ दिएर**, **भन्नेछन्** 'साँच्चै, म तिमीहरूलाई भन्द छु, तिमीहरूले यी मेरा भाइहरूमध्य सबैभन्दा सानामा एक

जनालाई जे जति गर्यौ, **त्यो तिमीहरूले मलाई नै गर्यौ।** "त्यसपछि उनले **देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्**, 'श्रापित मानिस हो मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको **अनन्तको आगोमा जाओ।** किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ।

कृपया टिप्पणी लेख्नुहोस् : भेडा र बाख्राहरु छुट्याउँने काम हाम्रो होइन ।

१ कोरिन्थी १५ :२४—२८ **तब अन्तय आउनेछ**, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई **राज्य सुम्पियदिनुहुनेछ।** किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। "**किनभने परमेश्वर्रले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।**" तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो। जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वँयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि **परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्।**

## ७. नयाँ स्वर्ग र पृथ्वी

**प्रकाश २१** तब मैले एउटा **नयाँ स्वर्ग र एउटा नयाँ पृथ्वी** देखे, किनकी पहिलो स्वर्ग र पहिलो पृथ्वी त बितिहालेका थिए, अनि त्यहाँ समुदर पनि थिएन । अनि मैले **पवित्र शहर अर्थात् नयाँ यरुशलेमलाई** दुलहीझैं तयार भएर आफ्ना पतिको निम्ति सुन्दर बस्त्र पहिरेर स्वर्गदेखि परमेश्वरबाट तल झरिरहेको देखे । अनि मैले सिंहासनबाट चर्को स्वरले यसो भनिरहेको मैले सुने, "अब परमेश्वरको वास मानिसहरुसित भएको छ, अनि उहाँ तिनीहरुसित बस्नुहुनेछ । तिनीहरु उहाँका

जाति हुनेछन्, अनि परमेश्वर आफै तिनीहरुसित भएर तिनीहरुका परमेश्वर हुनुहुनेछ । उहाँले तिनीहरुका **आँखाबाट हरेक आँसुको थोपा पुछिदिनुहुनेछ** । त्यहाँ **मृत्यु वा भोक वा कष्टको चिच्च्याइ अब उप्रान्त हुनेछैन** किनकी पुराना कुराहरुको व्यवस्था बितिहालेको छ ।"

सिंहासनमा बस्नुहुनेले भन्नुभयो "**म हरेक थोक नयाँ बनाउँनेछु !**" तब उहाँले भन्नुभयो, "यी वचनहरु लेख, किनकी यी वचनहरु विश्वासयोग्य र सत्य छन् ।" उहाँले मलाई भन्नुभयो, "**अब सिद्धियो । म अल्फा र ओमेगा हुँ, अर्थात् आदि र अन्त** । जो तिर्खाउँछ म त्यसलाई जीवनको पानीको मूलबाट सितैमा पिउँनलाई दिनेछु ।"